# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मिति: २०८१।१२।३१ गते।

# प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला बाजुरा, त्रिवेणी नगरपालिका वडा नं. ५ स्थित किम्नी खोला पुल निर्माणमा अनियमितता गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा आ.ब. २०७४/०७५ र २०७५/०७६ मा जिल्ला बाजुरा, त्रिवेणी नगरपालिका वडा नं. ५ स्थित किम्नी खोलामा ट्रस पुल निर्माण कार्यमा Earthwork in Excavation, Stone Soling Work, PCC Work, Steels Works, Steel Parts and Cement L.S. Transportation को वास्तविक फिल्डमा भएको कार्य भन्दा नापी किताबमा बढी चढाई झुट्टा बिल बनाई भुक्तानी दिने कार्य गरेको, ढुवानी कार्यको लागि तयार भएको किम्नी खोला ट्रस पुल आयोजनाको लागि थप लागत अनुमानमा स्टिल ट्रसको परिमाण अस्वाभाविक रुपमा बढाई भुक्तानीका लागि सिफारिस भए गरेको, ग्याविन इष्टिमेटमा Machine Made रहेकोमा फिल्डमा Man Made र Mesh Size नमिलेको, गुणस्तरहीन ग्याविन जाली प्रयोग भएको जानी जानी निर्धारित गुणस्तरको हो भनी स्वीकृत दिने कार्य गरेको र मनासिव कारण बिना निर्माण कार्यको गुणस्तर कम गर्ने, आकार परिवर्तन गर्ने, निर्धारित शर्त तथा मापदण्ड विपरीत निर्माण कार्य गरी त्रिवेणी नगरपालिकालाई गैरकानुनी हानी नोक्सानी पुऱ्याउने बद्नियतले रु.४,३१,४८६।६४ उपभोक्ता समितिलाई बढी भुक्तानी गरे/गराएको देखिएकोले उक्त कार्यमा संलग्न देहायका प्रतिवादीहरूउपर देहाय बमोजिमको सजाय हुन मागदाबी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय:**

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | त्रिवेणी नगरपालिका बाजुराका तत्कालीन **निमित्त प्रमुख प्रशासकीय अधिकृत तीर्थराज थापामगर** | रु.२,०६,९३५.८१ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (क), (ख), (ग) र (ङ) बमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी बिगो समेत असुल उपर हुन एवं गलत प्रतिवेदन तयार गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना समेतको सजाय हुन मागदावी लिइएको छ। |
| २. | त्रिवेणी नगरपालिका बाजुराका तत्कालीन **निमित्त प्रमुख प्रशासकीय अधिकृत खगेन्द्र साउद** | रु.२,२४,५५०।८३ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (क) र (ङ) बमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी बिगो समेत असुल उपर हुन एवं |

| | | | |
|---|---|---|---|
| | | | गलत प्रतिवेदन तयार गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना समेतको सजाय हुन मागदावी लिइएको छ। |
| ३. | त्रिवेणी नगरपालिकाका तत्कालीन **इन्जिनियर नविन साउद** र **सब-इन्जिनियर राजेन्द्र बहादुर वि.क.** | रु.४,३१,४८६।६४ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (क), (ख), (ग) र (ङ) बमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी बिगो समेत असुल उपर हुन एवं गलत प्रतिवेदन तयार गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना समेतको सजाय हुन मागदावी लिइएको छ। |
| ४. | असिन्टेन्ट सब-इन्जिनियर **राजेन्द्र बहादुर साउद** | रु.४,३१,४८६।६४ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ख), (ग) र (ङ) बमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी बिगो समेत असुल उपर हुन एवं गलत प्रतिवेदन तयार गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना समेतको सजाय हुन मागदावी लिइएको छ। |
| ५. | किम्नी खोला ट्रस पुल निर्माण उपभोक्ता समितिका **अध्यक्ष जंग बहादुर बुढा, सचिव डम्म ब. बुढा** र **कोषाध्यक्ष तुली देवी बुढा** | रु.४,३१,४८६।६४ | भ्रष्टाचार निवारण ऐन, २०५९ दफा ८ को उपदफा (४) बमोजिम कसूरमा सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी बिगो समेत जफत हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
राजेन्द्र कुमार पौडेल